विशेष अदालत काठमाडौंबाट जारी भएको

सूचना

सम्मानित सर्वोच्च अदालतको मिति २०७६।१२।०७ को पूर्ण बैठकको निर्णय, नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६।१२।०९ को निर्णयानुसार मिति २०७७।१२।११ देखि नेपाल राज्यभर लागू भएको बन्दाबन्दी, सम्मानित सर्वोच्च अदालतको वृहत पूर्ण इजलासबाट मिति २०७७।०२।१५ मा भएको आदेश र मिति २०७७।०४।०८ को सूचना एवं विभिन्न मितिमा जारी भएका निर्णय/परिपत्रसमेतका आधारमा यस अदालतबाट मिति २०७७।०४।२५ लगायत विभिन्न मितिमा भएका निर्णय एवं सूचनाहरु बमोजिम सेवा प्रवाहमा संकुचन तथा विस्तार हुँदै आएको सबैमा विदितै छ। यस अदालतबाट प्रवाह हुने सेवाहरुका सम्बन्धमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।०५।३० को निर्णयबाट नेपाल राज्यभरी सार्वजनिक सवारी साधन तथा हवाई उडानसमेत मिति २०७७।०६।०१ बाट संचालनमा आएको सन्दर्भमा यस अदालतबाट प्रवाह हुने सबै प्रकारका सेवाहरु मिति २०७७।०६।०१ गते अदालत विदा परेकाले २०७७।०६।०२ देखि सुचारु गरिएको छ।

२. बन्दाबन्दी तथा निषेधाज्ञा अवधिको म्याद, तारिख थाम्ने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको बृहत पूर्ण इजलासको मिति २०७७।०२।१५ को आदेशबमोजिमको सुविधामा प्रतिकुल असर नपर्ने गरी देहायबमोजिम हुनेछः-

(क) नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।०३।२३ को निर्णयबाट काठमाडौं उपत्यकाभित्र सार्वजनिक यातायात मिति २०७७।०४।८ देखि सञ्चालनमा आएकोमा मिति २०७७।०५।०४ बाट उपत्यकाका तीनवटै जिल्लामा निषेधाज्ञा जारी भई २०७७।५।२५ देखि निषेधाज्ञालाई खुकुलो पार्ने गरी आदेश जारी भई सार्वजनिक यातायातका साधन सञ्चालनमा आएको सन्दर्भमा यस अदालतमा म्याद, तारिखमा उपस्थित हुनुपर्ने काठमाडौं उपत्यकाभित्रका सेवाग्राहीहरु मिति २०७७।०५।२५ देखि बाटाको म्याद बाहेक ३० (तीस) दिनभित्र उपस्थित हुने।

(ख) अन्तर जिल्ला सार्वजनिक यातायातको साधन तथा राष्ट्रिय/अन्तराष्ट्रिय हवाई उडानसमेत २०७७।०६।०१ देखि पूर्ण रुपमा सञ्चालन भएको हुँदा यस अदालतमा म्याद र तारिखमा उपस्थित हुनुपर्ने काठमाडौं उपत्यकाबाहिरका सेवाग्राहीहरु मिति २०७७।०६।०२ देखि बाटाका म्याद बाहेक ३० (तीस) दिनभित्र उपस्थित हुने।

पुष्पराज पाण्डेय
उपरजिष्ट्रार/प्रवक्ता

मिति २०७७।०६।०२